**सभासदस्य ज्यूहरु**

१. राज्य पुन:संरचना पछि नेपालको संविधानले नेपालमा तीन तहको सरकारको व्यवस्था गरेको । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको इकाइहरु क्रियासिल रहेको छ । नेपालका तीनै तहका सरकारहरुको एकल अधिकार र साझा अधिकारहरुको विशिष्ठ व्यवस्था गरिएको छ। नेपालको संविधान प्रचलित कानूनको अधीनमा रही **"कृषि, पर्यटन र पूर्वाधार, साँगुरीगढी समृद्धिको आधार"** भन्ने दूरदृष्टि सहितको आ.व. ०८०/०८१ को नीति तथा कार्यक्रम साँगुरीगढी गाउँपालिकाको गाउँसभाको तेह्रौं अधिवेशनमा प्रस्तुत् गर्ने अवसर प्राप्त गर्दा म अत्यन्तै हर्षित छु ।

२. नेपालको संविधान, स्थानीय सरकार सन्चालन ऐन २०७४, कोशी प्रदेश सरकारले जारी गरेको गाउँसभा तथा नगरसभा संचालन ऐन, २०७५ बर्तमान प्रचलित कानूनको अधीनमा रही निर्माण भएका विभिन्न नियम र कार्यविधिहरुको परिधि भित्र रही गाउँसभाको तेह्रौं अधिवेशन गर्न गइरहेका छौं । यो खुसीको क्षणमा लोकतान्त्रिक एवं गणतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । प्रजातन्त्र तथा लोकतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रदेय नेतृत्व गणहरुको योगदान हाम्रा लागि प्रेरणादायी मार्गदर्शन हुनेछ ।

३. राज्यको पुन:संरचना पछि संघीयताको मूल मर्म, भावना र सिद्धान्तको आधारमा समुचित विकासको बाटो पहिल्याउन संविधान, ऐन, कानून तथा नीतिको जगमा उभिएर गाउँपालिकालाई नीतिगत तथा संस्थागत विकासमा भएको आधारभूत सुधारले आगामी गन्तव्य प्रस्थानमा सहयोग गरेको छ ।

४. गाउँपालिकालाई प्राप्त सीमित श्रोत साधनलाई अधिकतम परिचालन गरी सवै वर्ग, क्षेत्र, लिङ्ग तह र तप्काको मागलाई सम्वोधन गर्ने प्रयत्न गरी गुणस्तरीय सेवा दिने प्रयास गरिएको उल्लेख गर्न चाहन्छु । यस गाउँपालिकाको बजेटले सम्बोधन हुन नसक्ने योजनाहरुलाई संघीय सरकार, कोशी प्रदेश सरकार र अन्य निकायसँग प्रस्ताव गरी सम्वोधन गर्दै जानु पर्ने हाम्रो बाध्यता रहेको छ ।

५. संघीय सरकारको "**सम्मृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा, प्रदेश सरकारको **"स्वच्छ सुखी, र सम्मुन्नत प्रदेश"** को सपना सँगै **"कृषि, पर्यटन र पूर्वाधार, साँगुरीगढी सम्बृद्धिको आधार"** निर्माण गर्ने दुरदृष्टि तर्फको यात्रा बढीरहेको सम्मानित सभालाई जानकारी गराउन चाहान्छु ।

**सभासदस्य ज्यूहरु**

आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि चालु आर्थिक वर्ष २०७९/०८० मा साँगुरीगढी गाउँपालिकाले हाँसिल गरेको महत्वपूर्ण उपलब्धी र सामना गर्नु परेको चुनौतीहरुलाई संक्षेपमा राख्न चाहन्छु ।

६. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको यो मुलुकमा आम जनताको घरदैलोको सरकारको रुपमा रही स्थानीय शान्ति, सम्बृद्धि, विकास, सुशासन, दीगो विकास जनता समक्ष पुऱ्याउदै स्थानीय बासीको स्वास्थ्य, वातावरणीय स्वच्छता, मर्यादित जीवनस्तर, सभ्यता, सशासन, र मानव पूँजी निर्माण उपयोग र परिचालन गरी समतामूलक समाज निर्माण, दीगो र दरिलो उत्पादन प्रणालीबाट सुख र सम्बृद्धिको सपना साकार पार्न कार्य गरी रहेको जानकारी गराउन चाहान्छु ।

७. साँगुरीगढी गाउँपालिकाको **"कृषि, पर्यटन र पूर्वाधार, साँगुरीगढी सम्बृद्धिको आधार"** पुरा गर्न स्थानीय १७ वटा स्थानीय ऐन, ५१ वटा नियमावली, कार्यविधि र निर्देशिका निर्माण गरी कार्यान्वयन गरिएको छ । पहिलो आवधिक योजना निर्माण, डिजिटल प्रोफायल निर्माण, स्थितिपत्र निर्माण, राजस्व सुधार योजना निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण, पहिलो भू-उपयोग योजना निर्माण, एम्बुलेन्स सेवा संचालन, सरसफाई केन्द्र निर्माणको थालनी, खुवालुङ्ग-त्रिवेणी-भेडेटार-ध्वजेडाँडा फूटट्रयाकको विस्तृत परियोजना प्रस्ताव तयारी १५ शैय्याको अस्पताल निर्माणको तयारी, कोशेली घर निर्माण तथा संगठन संचरना बमोजिमको कर्मचारी पदपूर्ति प्रक्रिया चालु आ.व. २०७९/२०८० को प्रशंसनीय कार्य हुन । साँगुरीगढी गाउँपालिकाको पर्यटन विकास गुरु योजना निर्माण गरिएको, भौतिक पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिएको छ । राष्ट्रिय, प्रदेशिक आवधिक योजना, गाउँपालिकाको वार्षिक योजनाबाट विकासको अभियानलाई वाहिर जान नदिन, वित्तीय सुशासन र प्रभावकारिता कायम राख्न मध्यकालीन खर्च संरचनाका शर्तहरु कार्यान्वयन गरिएको छ ।

८. योजना, बजेट तथा कार्यक्रमलाई, स्थानीय बस्तुगत आवश्यकता, प्रादेशिक तथा राष्ट्रिय आकांक्षा हासिल गर्न सहयोग पुग्ने गरी परिचालन गर्न आयोजनाको प्राथमिकीकरण स्थानीय योजना बजेट तथा कार्यक्रम तर्जूमा दिग्दर्शन २०७८ लागू गरिएको छ । योजना तथा कार्यक्रमहरुलाई सीमित स्रोत साधन र असीमित आवश्यकताका बीच तादम्यता कायम गरी सुःखद र गुणस्तरीय नतिजा प्राप्तिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

९. भौतिक पूर्वाधार विकासको क्षेत्रमा समानुपातिक र सन्तुलित तवरबाट प्रकृया अगाडि बढाउने सन्दर्भमा ४ वटा स्थानीय रणनैतिक महत्वको सडक निर्माण, १० वटै वडामा कृषि तथा ग्रामीण सडक गरी जम्मा १८१ कि.मि. सडक संजाल निर्माण, कुसेटारमा एकीकृत सेवा केन्द्र स्थापना गरी सेवा प्रवाह, सिंचाई कुलो निर्माण,

खानेपानी निर्माण कार्य सम्पन्न भएको छ । स्थानीय पर्यटन प्रबर्द्धनको क्षेत्रमा ध्वजेडाँडामा २२ वटा मुलुकको राष्ट्रिय झण्डा स्थापना, भेडेटार फुड फेष्टिवल, खुवालुङ्ग,-त्रिवेणी-ध्वजेडाँडा फुटट्र्याकको संभाव्यता अध्ययन, साँगुरीगढीको विस्तृत परियोजन प्रस्ताव तयारीलाई नमूना कार्यको रुपमा लिन सकिन्छ ।

१०. स्थानीय विपन्न र पिछडिएका जनता आवास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, दलित तथा भूमिहीन नागरिकहरुको जग्गा प्राप्ति प्रक्रिया, साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका विपद् पीडितको स्थानन्तरण प्रक्रिया अगाडि बढाइएको, प्रति-विद्यार्थी दिवाखाजा रु १० थप कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

११. सुशासन, पारदर्शिता र जनता प्रति जवाफदेहिताको अवधारणा कार्यान्वय गर्न खर्च सार्वजनिक, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, प्रगति विवरण वेवसाईटबाट सार्वजनिक गर्ने, योजनाको बोर्ड राख्ने, आमजनताको गुनासो तत्काल सम्वोधन गर्न **टोल फ्रि सेवा** संचालन तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको छ ।

१२. साँगुरीगढी गाउँपालिकाले चालु आ.व. २०७९/२०८० लागि कुल बजेट ५३ करोड विनियोजन भएकोमा वित्तीय प्रगती ७० प्रतिशत र भौतिक प्रगती तर्फ ८० प्रतिशतको हाराहारीमा रहेको छ ।

१३. कोशी प्रदेश सरकारबाट **पर्यटन ग्राम**को उपमा पाएको यो गाउँपालिका क्षेत्र भित्र पर्यटनको प्रचुर सम्भावना रहेको छ । पर्यटनमा भएको संभावनालाई अवसरमा रुपान्तरण गर्न पर्यटकमैत्री वातावरण निर्माण गर्न दीर्घकालीन पर्यटन गुरुयोजना बमोजिम लगानी गर्नु पर्ने देखिन्छ । यस क्षेत्रको सौन्दर्यतामा रमाउन अत्याधिक मात्रामा आउने आन्तरिक तथा विशेष गरी भारतीय पर्यटकलाई आकर्षित गरी पर्यटन प्याकेज ल्याउन सके पर्यटननै रोजगारीको मुख्य आयश्रोतको रुपमा बनाउन सकिने अवसर रहेको छ ।

१४. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र गरिवी निवारण गर्नु, स्थानीय रोजगारी सिर्जना गर्नु, स्थानीय उत्पादनलाई बढवा दिई दरिलो स्थानीय अर्थव्यवस्था निर्माण गर्न, सामाजिक विभेदीकरणको अन्त्य गर्नु, वित्तीय अनुशासन पालना गर्नु, आयतमा आधारित स्थानीय अर्थव्यवस्थालाई निर्यातमुखी वनाउनु मुख्य चुनौतीको रुपमा रहेको छ ।

**सभासदस्य ज्यूहरु**

१५. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, वित्तीय आयोग ऐन, २०७४ वित्त हस्तान्तरण ऐन, २०७४ सार्वजनिक खरिद ऐन, २०६३, स्थानीय तहको योजन तर्जूमा दिग्दर्शन, २०७८, आवधिक योजनाहरु, नेपाल सरकार, प्रदेश सरकार र साँगुरीगढी गाउँपालिकाले गरेको प्रतिवद्धता, दीगो विकासको लक्ष्य, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, महिला बालबालिका, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, संघीय सरकार तथा प्रदेश सरकारको क्षेत्रगत नीति, स्थानीय राजनैतिक पार्टीहरुको चुनावी घोषणा-पत्र,

गाउँपालिकाले जनता समक्ष गरेको घोषणा, स्थानीय आवधिक योजनाहरुलाई गाउँपालिकाको सम्बृद्धिको गन्तव्य प्राप्तिका लागि निर्माण गरिने नीति तथा कार्यक्रमको मूल आधार मानिएको छ ।

१६. साँगुरीगढी गाउँपालिकाको **"कृषि, पर्यटन र पूर्वाधार, साँगुरीगढी सम्बृद्धिको आधार"** दीर्घकालीन लक्ष्य प्राप्त गर्न हालसम्म ५८ वटा स्थानीय कानून निर्माण, दशवटै वडाहरुबाट एकीकृत सेवा प्रवाहको व्यवस्था, दशवटै वडाहरुमा सडक संजालले जोड्नु स्थानीय रणनैतिक योजनाहरुको संभाव्यताको अध्ययन, विस्तृत परियोजन तयारी, प्रोफाईल निर्माण, भूउपयोग योजना निर्माण, आवधिक योजना निर्माण जस्ता सम्झना लायक कार्य गर्दै गाउँसभाको तेह्रौं अधिवेशनसम्म आई पुगेका छौं ।

**सभासदस्य ज्यूहरु**

अब, म आगामी वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमको मूल भागमा प्रवेश गर्ने अनुमति चाहान्छु ।

१७. संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, समपुरक, विशेष तथा शसर्त अनुदान एवं राजश्व बाँडफाँड वाट प्राप्त हुने रकम र आन्तरिक स्रोतबाट प्राप्त हुने रकमको अनुमानित वजेट सीमाको अधीनमा साँगुरीगढी गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को लागि वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

१८. स्थानीय उत्पादन तथा रोजगारी सिर्जना गरी निर्यात प्रर्बद्धनका लागि **एक गाउँ एक उद्यम** को नीति अवलम्बन गरिनेछ। एक गाउँ एक उद्यमको नीतिलाई कार्यान्वयन गर्न आ.व. २०८०/२०८१ कम्तीमा एक मसलाजन्य लघुउद्यम स्थापना गरी संचालनमा ल्याइनेछ ।

१९. स्थानीय अर्थव्यवस्थाको प्रमुख खम्बा पर्यटन व्यवसाय भएकाले पर्यटन क्षेत्रको विकासका लागि १७ करोड लागतको **खुवालुङ्ग-त्रिवेणी-भेडेटार-ध्वजेडाँडा पदमार्ग** आगमी ३ वर्ष भित्र निर्माण गरिनेछ। स्थानीय रणनैतिक महत्वको यो पदमार्ग निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग सहलगानी र सहकार्यमा निर्माण कार्य गरिनेछ ।

२०. आगामी ५ वर्ष भित्र प्रथम आवधिक योजनाले निर्धारण गरेको १७ अर्वका रुपान्तरणकारी रणनैतिक योजना निर्माणका लागि लगानीको सुनिश्चिचताका गर्न संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्रको सहभागिताको खोजी गरिनेछ । भेडेटार बहुउदेश्य पार्किङ निर्माणका लागि नगर विकास कोष सँग समन्वय र सहकार्य गरिनेछ। थप स्रोतका लागि **लगानी सम्मेलन** गरी लगानी कर्ताबाट स्रोतको सुनिश्चिता गरिनेछ।

२१. अव म, क्षेत्रगत नीति तथा कार्यक्रम देहाय बमोजिम रहेकाले सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**क. आर्थिक विकास**

**कृषि तथा पशु विकास**

२२. स्थानीय उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्यन्न आत्म निर्भरताका लागि "**किसान कोष**" कार्यक्रम संचालनमा गरिनेछ । कोषको परिचालन तथा व्यवस्थापन कोष परिचालन कार्यविधि निर्माण गरी कृषि सहकारीको सर्वमान्य सिद्धान्तका आधारमा गरिनेछ ।

२३. गाउँपालिका भित्र उपलब्ध कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट संचालन हुन सक्ने लघु तथा घरेलु उद्योगहरुको स्थापना गरी थप रोजगारीको अवसर सिर्जना गर्दै उत्पादन बृद्धि गरी स्थानीय निर्यात बढाउन "**उद्यमशील विकास कोष**" स्थापना गरिनेछ । स्थानीय उत्पादन प्रबर्द्धन र रोजगारी सिजाना गर्न कोष परिचालन गरिनेछ ।

२४. साँगुरीगढी गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन कृषि नीति, दीर्घकालीन, मध्यकालीन अल्पकालीन कृषि विकास योजना तयार गरी कार्यान्वयनको व्यवस्था मिलाउदै लगिनेछ ।

२५. गाउँपालिका भित्र कृषि उत्पादनमा आत्म निर्भर वनाई खाद्य सुरक्षाको प्रत्याभूत गराउन तथा खाद्यन्न आयत प्रतिस्थापनमा सहयोग पुऱ्याउन पूँजी, प्रविधि, विऊ विजन, नश्लसुधार कार्यमा ८० प्रतिशत देखि सत प्रतिशत अनुदानको नीति अवलम्बन गरिनेछ ।

२६. अर्गानिक उत्पादन तथा बजारीकरणलाई व्यवस्थापन गर्न "**कोशेली घर**" कार्यक्रम संचालन गरिनेछ । कोशेली घरको माध्यमबाट किसान र बजारको अग्रपश्च सम्बन्धका आधारमा संचालन गरिनेछ ।

२७. गाउँपालिका क्षेत्रभित्र फलफुल, तरकारी तथा खाद्यान्न बालीहरुको प्रवर्द्धनको लागि "**चिसान केन्द्र**" निर्माणका लागि आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।

२८. स्थानीय उत्पादनलाई बृद्धि गर्न "**बाँझो जमिनमा खेती**" गर्न कार्यलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादन तरकारी, मसला तथा फलफुलजन्य उत्पादनको बजार सुनिश्चिताका लागि बजार व्यवस्थापन सम्बन्धी संघ, संगठन तथा निजी क्षेत्रसँग समन्वय गरी निर्यातको व्यवस्था मिलाईनेछ ।

२९. स्थानीय उत्पादन, उत्पादकत्व र गुणस्तरीय उत्पादनलाई बढवा दिन आ.व. २०८०/२०८१ मा दशवटै वडामा जनशक्ति सहितको सेवा केन्द्र स्थापना गरी किसानहरुलाई कृषि प्राविधिक तथा पशु प्राविधिक सेवा उपलब्ध गराउने **घर-घरमा प्रविधिक सेवा** कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।

३०. स्थानीय कृषि तथा पशु खेतीको व्यवसायिक उत्पादनलाई बढवा दिन "**कृषक वर्ष व्यक्ति**" घोषणा गरी प्रोत्साहनको व्यवस्था गरिनेछ ।

३१. दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्नको लागि दुग्ध पकेट क्षेत्रमा स्थापना हुने दुग्ध संकलन केन्द्रलाई आवश्यक पर्ने उपकरण तथा सामाग्री खरिदमा अनुदानको व्यवस्था मिलाइने छ। पशुकिसानहरुलाई पोषणयुक्त विकासे घाँस वितरण गरी उत्पादन बृद्धि गर्न पशु आहारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**उद्योग तथा बाणिज्य**

३२. संघीय सरकारले लिएको एक स्थानीय तह एक औद्योगिक ग्राम निर्माणका नीतिलाई गर्न साँगुरीगढी- ५ ओखेमा रहेको प्रस्तावित **औद्योगिक ग्राम** आ.व. २०८०/२०८१ भित्र निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

३३. स्थानीय उद्योग स्थापनाको आधार खडा गर्न उद्यम विकास तथा सीप विकास तालिमलाई व्यापकता दिई उद्यमी सिर्जना तर्फ अग्रसर गराइनेछ। स्थानीय औद्योगिक गतिविधिलाई बढवा दिन स्थानीय औद्योगिक बोर्ड गठनको व्यवस्था मिलाइनेछ ।

**पर्यटन विकास**

३४. पर्यटन गुरुयोजनाले निर्दिष्ट गरेको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सहासिक पर्यावरणीय स्थलहरुको निर्माण, मर्मत सम्भार, संरक्षण, सम्बर्द्धन तथा विकास गर्दै पर्यापर्यटन, साहसिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन विकासको थालनी गरिनेछ । पर्यटकहरुका लागि आकर्षक गन्तव्यको रुपमा स्थापित गर्न पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहोरमैला व्यवस्थापन सरकारी, गैरसरकारी संघ सस्थाहरुसँगको सहकार्य र समन्वयमा व्यवस्थापन गर्दै लगिनेछ ।

३५. नाम्जे, डाँडाबजार र आहालेमा सञ्चालनमा रहेको सामुदायिक होमस्टेको प्रबर्द्धनको व्यवस्था मिलाई अन्य क्षेत्रहरुमा होमस्टे संचालन सम्भाव्यता अध्ययन गरिने छ ।

३६. पर्यटन, कृषि र साँस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान गर्न आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

३७. पर्यटकका सूचना उपलब्ध गराउन भेडेटार बजारमा पर्यटन सूचना केन्द्र स्थापना गरी संचालन गरिनेछ ।

३८. पर्यटकको आगमनलाई बृद्धि गरी होल्डेज बढाउन स्थानीय धार्मिक, सांस्कृतिक, जातीय, ऐतिहासिक, मेला, उत्सव र पर्व मनाउन प्याकेज कार्यक्रम संचालन गरिनेछ। साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र अधिक मात्रामा बसोवास गर्ने सवै जातजाति तथा धर्मालम्बीहरुको धर्म संस्कृति, परम्परा र रहन सहनलाई पर्यटन प्रबर्द्धनसँग आबद्ध गर्ने नीति अगाडि बढाइनेछ। सहासिक पर्यटनको विकास गर्न स्काई वाक, क्यानोनिङ्ग, रक-क्लाइविङ्ग, प्याराग्लाडिङ्ग, बन्जिजम्पिङ्ग, साइक्लिङ्ग तथा केवल कारको संभाव्यता अध्ययन गरिनेछ । पर्यापयर्टनको विकासका लागि हिल स्टेशन विकासको संभाव्यता अध्ययन गरिनेछ ।

३९. नाम्जेथुम्कीमा निर्माणाधीन जनजाति पार्कलाई थप व्यवस्थित गरी फन पार्कको रुपमा रुपान्तरण गर्ने व्यवस्था मिलाईनेछ । भेडेटार बजारलाई **बुटिक बजार**को रुपमा विकासका गर्दै लगिनेछ ।

**सहकारी**

४०. सहकारी नियमन तथा सञ्चालनका लागि निर्माण भएको कानून कार्यान्वयन गर्दै सहकारी सुदृढीकरण तथा प्रवर्द्धनका लागि आवश्यक नियमावली, कार्यविधि, तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४१. सहकारीहरुलाई वस्तुगत मापदण्डको आधारमा अनुदान, सहुलियत ऋण, प्रदान गरी उत्पादन र सेवामा बिबिधिकरण गरी बजारलाई जोड्ने कार्यको व्यवस्था मिलाई स्थानीय अर्थ व्यवस्थाको एक प्रमुख रणनैतिक साझेदार खम्बाको रुपमा अगाडि बढाइने छ । गाउँपालिका क्षेत्र भित्र रहेका सहकारीहरुलाई पुर्नगठन गरी वित्तीय संस्थाको रुपमा सक्रिय वनाइनेछ। स्थानीय कृषकहरुलाई सहकारीमा आवद्ध गराई उचित प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

**कर राजस्व तथा वित्तीय क्षेत्रः**

४२. स्थानीय करको दायरा विस्तार गरी आन्तरिक आय बृद्धि गर्न "**तपाइँले तिरेको कर, तपाईंकै लागि**" भन्ने दृष्टि सहित करदाता शिक्षा संचालन गरिनेछ । आन्तरिक राजस्व संकलनलाई प्रभावकारी बनाउनका लागि राजस्व प्रशासनलाई चुस्त दुरुस्त र करदातामैत्री बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी राजस्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्य गर्नको लागि राजस्व परामर्श समितिलाई थप सक्रिय बनाइने छ ।

४३. गाउँपालिका क्षेत्रमा रहेका व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुलाई अनिवार्य दर्ता र नवीकरण गर्ने व्यवस्था मिलाइने छ । करदाता शिक्षा, व्यवसाय दर्ता तथा नवीकरण बजार अनुगमन कार्यहरुलाई कानून तथा कार्यविधि निर्माण गरी व्यवस्थापन गरिनेछ । बजार अनुगमन, व्यवसाय दर्ता नवीकरण, खारेजीको कार्य सरकोकारवाला निकायसँग सहकार्य गरी अगाडि बढाईनेछ ।

४४. आन्तरिक राजश्व संकलनलाई मजबुत बनाउनका लागि राजस्व प्रशासनलाई चुस्त दुरुस्त र करदाता मैत्री बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्यको समन्वय एवं खोजी कार्यको लागि राजश्व परामर्श समितिलाई क्रियाशिल गरिनेछ।

४५. गाउँपालिका क्षेत्रबाट घरवहाल कर प्रभावकारी रुपमा संकलन हुन नसकेको हुँदा स्व-घोषणाको माध्यमबाट घरबहाल कर संकलनको नीति अवलम्बन गरिनेछ ।

४६. गाउँपालिका क्षेत्रमा रहेका व्यवसाय सन्चालन गर्ने सबै व्यवसायीहरुलाई अनिवार्य रुपमा दर्ता र समयमै नवीकरण गराइनेछ। करदाता शिक्षा, व्यवसाय दर्ता तथा नवीकरण, बजार अनुगमन जस्ता कार्यलाई सहकार्य गरी अगाडि बढाईने छ। वडा कार्यालयहरुलाइ प्रविधिमैत्री बनाई कर संकलन कार्यलाई पारदर्शी र प्रभावकारी बनाइनेछ ।

४७. साँगुरीगढी गाउँपालिकाको दश वटै वडाहरुमा बैक तथा वित्तीय संस्थाहरुको शाखा तथा सेवा केन्द्र स्थापनाका लागि पहल गरिनेछ । राजस्व सुधार योजनाको प्रतिवेदनलाई कार्यान्वयन गरिदै लगिनेछ ।

**ख. सामाजिक विकास तर्फ**

**स्वास्थ्य तथा जनसंख्या**

४८. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र रहेको सीमान्तकृत वर्ग क्षेत्र समुदायको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई सुनिश्चितता गर्न **"स्वास्थ्य विमा"** अभियान संचालन गरिनेछ । स्थानीय आम नागरिकहरुलाई स्वास्थ्य जीवन निर्माणका लागि एकीकृत, स्वास्थ्य सेवा प्रवाह प्रणालीलाई सवल र सुदृढ तुल्याई व्यवस्थित गर्न साँगुरीगढी-९ आहालेमा १५ शैयाको विशिष्ट सेवा सहितको अस्पताल निर्माण कार्यलाई आ.व. २०८०/२०८१ मा आगाडि बढाइनेछ ।

४९. स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन गर्दै नतिजामा आधारित अनुगमन, मूल्याङ्कन, प्रोत्साहन प्रणाली लागु गरिने छ । नतिजामा आधारित अनुगमन मूल्याङ्कन प्रणालीलाई सुधार गर्न कार्यसम्पादन करार लागू गरिने छ । स्वास्थ्य सेवामा संलग्न जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाहमा नवीनता भित्र्याउन जनशक्ति तथा संस्थागत क्षमता विकासका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

५०. महिला प्रजनन् स्वास्थ्यमा देखिने समस्याहरु आङ खस्ने, पाठेघरको क्यान्सर, स्तन क्यान्सर रोगको उपचार तथा रोकथामका लागि "**रोगबाट बाचौं र बचाउँ"** अभियान संचालन गरिनेछ । सुत्केरी आमा र नवजात शिशुको स्वाथ्य सुरक्षाका लागि **सुत्केरी भेटघाट** कार्यक्रम संचालन गरिनेछ ।

५१. स्वास्थ्य सेवा प्रवाहमा खडा भएको विषम परिस्थितिलाई सामना गर्दै आम नागरिकको स्वास्थ्य सम्वन्धीको हक सुरक्षित गर्नका लागि डाँडाबजार प्राथमिक स्वास्थ्य केन्द्रमा टेलिमेडिसिन सेवालाई निरन्तरता दिइने छ । स्वाथ्य चौकी आहालेमा आ.व. २०८०/२०८१ **डिजिटल हेल्थ तथा टेलिमेडिसिन** सेवा संचालन गरिनेछ । साँगुरीगढी वडा नं. ८, ९ र १० का स्थानीय नागरिकहरुको स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न आ.व. २०८०/२०८१ मा एम्बूलेन्स सेवाको सुनिश्चितता गरिनेछ ।

**महिला बालबालिका, युवा, जेष्ठ नागरिक तथा लैंगिक समानता**

५२. कानूनले प्रतिबन्धित गरेको वाल विवाह, वहु विवाह तथा लैंगिक विभेद अन्तर्गतका जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । एकल महिलाहरुको तथ्यांक संकलन गर्ने कार्यलाई अगाडि बढाई, दलित, एकल तथा विधवा महिलाहरुको जीवनस्तर उकास्न **महिला आयआर्जन** कार्यलाई अगाडि बढाइने छ ।

५३. विपन्न वर्गका महिलाहरुको जीवनस्तर उकास्नका लागि आयमुलक कार्यक्रमहरु सन्चालन गरिनेछ । घरेलु हिंसा न्यूनीकरण गर्न गराउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ । महिला, बालवालिकाको अधिकारसँग सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५४. गाउँपालिका क्षेत्र भित्र सन्चालन भएका होटल व्यवसायहरुमा सम्वद्ध निकायहरुसँग सहकार्य गरी "**बालश्रम मुक्त होटल"** भन्ने स्टीकर टाँस अभियान सञ्चालन अभियान संचालन गरिनेछ ।

५५. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नका लागी वाल क्लब र सूचक पूरा गर्न सहयोग गर्ने कार्यालय, संघ संस्थासँग समन्वय गरी यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाइने नीति लिइनेछ । बालवालिकाको समग्र अधिकार (बाँच्न पाउने, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकार) प्रवर्धनका लागि उपयुक्त किसिमका योजनाहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ । प्रत्येक वडामा बाल क्लव गठन गरी क्रियाशिल बनाइनेछ । एक वडा एक बाल उद्ययनको नीति अवलम्बन गरिनेछ ।

५६. जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधारको लागि स्वास्थ्य केन्द्रमा कार्यरत प्राविधिक जनशक्तिको परिचालन मार्फत घुम्ती स्वास्थ्य केन्द्रको व्यवस्था मिलाईने छ । जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षणका लागि "**ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम"** लाई निरन्तरता दिइने छ । जेष्ठ नागरिहरुको सम्मान र अनुभव आदनप्रदानका लागि "**ज्येष्ठ नागरिक सम्मान कार्यक्रम"** लाई निरन्तरता दिइने छ ।

५७. साँगुरीगढी गाउँपालिका, प्रदेश सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशनसँगको त्रिपक्षीय सहकार्यमा संचालनमा रहेको अपाङ्गता सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५८. लैङ्गिक तथा सामाजिक विभेदको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**आदिवासी जनजाति तथा अन्य समूदाय**

५९. आदिवासी जनजाति समूदायको भाषा सँस्कृति, भेषभूषा संरक्षणको लागि सहयोग गरिनेछ । स्थानीय जातजातिको सँस्कृति पहिचान, भाषा, संस्कार, जोगाउने व्यवस्था गर्न आदिवासी/जनजाति समनवय परिषद गठनको प्रक्रिया अगाडि बढाइनेछ ।

६०. स्थानीय जातजातीको ऐतिहासिक तथा जातीय पहिचान झल्काउने स्थानीय संग्राहलय निर्माणका लागि संभाव्यताको अध्ययन गरिनेछ ।

६१. दलित वर्गको उत्थानको लागि परम्परागत रुपमा पेशा सन्चालन गर्नेहरुलाई व्यवसायीकरण गर्न आवश्यक सहयोग गरिनेछ । **दलित आयआर्जनक** कार्यक्रमहरु संचालन गरिनेछ ।

**युवा तथा खेलकुद**

६२. स्थानीय बेरोगजार युवाहरुलाई उद्यमशील रोजगारीको सुनिश्चितता गर्न **युवा उद्यमी** कार्यक्रम संचालन गरिनेछ। युवा उद्यम कार्यक्रम संचालन गर्न **युवा उद्यमी कोष** स्थापना गरी परिचालन गरिनेछ।

६३. खेलकुदको दीगो व्यवस्थापनका लागि सुविधा सम्पन्न **कभर्डहल** निर्माण आ.व. २०८०/२०८१ मा गरिनेछ। भेडेटार बजारमा बहुउदेश्यीय पार्किङ सहितको भवन निर्माणका लागि प्रदेश सरकार, संघीय सरकार एवं सम्वद्ध निकायसँग समन्वय गरिनेछ। एक वाड एक खेल मैदान नीतिलाई अगाडि बढाइनेछ। वार्षिक रुपमा कम्तीमा एक वटा गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम संचालन गरिनेछ।

६४. राष्ट्रियस्तर तथा अन्तराष्ट्रियस्तरको खेलकुदमा पदक जित्ने स्थानीय खेलाडीहरुलाई उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ । दशवटै वडाहरुमा खेलकुद प्रशिक्षणको नीति अवलम्बन गरिनेछ । स्थानीयस्तरमा खेलकुदलाई विकास र विस्तार गर्न खेलकुद एकेडेमीको संभाव्यता अध्ययन गरिनेछ।

६५. खेलकुद क्षेत्रको एकीकृत विकासको रणनैतिक योजना निर्माण गरी कार्यान्वयन गर्दै लगिनेछ। गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई थप सक्रीय वनाईने छ। स्थानीय खेलकुद सम्बन्धी क्लव दर्ता नवीकरण तथा प्रवर्द्धन कार्य थालनी गरिनेछ।

**सरकारी तथा गैह्र सरकारी संस्था**

६६. यस गाउँपालिका क्षेत्र भित्र सन्चालन हुने सम्पूर्ण गैर सरकारी संस्थाको योजना तथा कार्यक्रमलाई नियमन र एकरुपता हासिल गर्नका लागि गै.स.स. डेक्स स्थापना गरिनेछ। गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्नु पूर्व अनिवार्य रुपमा गैरसरकारी संस्थाहरुले अनुमती लिनु पर्ने व्यवस्थालाई कानून निर्माण गरी कडाईका साथ कार्यान्वयन गरिनेछ।

६७. गैह्र सरकारी संस्थाहरुलाई कार्यक्रमको अनुमति दिंदा विकास र चेतनाको दृष्टिले पछि परेका वडा, क्षेत्रहरुमा समन्वय गरी कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाइनेछ । गाउपालिकास्तरका जनचेतनामूलक, रोजगारमूलक, सन्देशमूलक तालिमहरु सहकार्यमा सन्चालन गर्न प्राथमिकता दिइनेछ।

**खानेपानी तर्फ**

६८. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र खानेपानी सुविधा नभएका स्थानहरुको पहिचान गरी उक्त क्षेत्रहरुमा पाइप वा लिफ्टिङ्गका माध्यमबाट खानेपानी सन्चालनका लागि प्रदेश सरकार र संघीय सरकारसँग विशेष पहल गरिनेछ। मर्मत सम्भार गर्नुपर्ने अवस्था रहेको खानेपानीको स्रोत संरक्षणको व्यवस्था मिलाइनेछ,। नयाँ स्रोत वा मुहानको खोजी गर्ने, विभिन्न स्थानका खानेपानीको संरक्षण र मर्मत गर्ने कार्यलाई अगाडि बढाउन बजेटको व्यवस्था मिलाईने छ।

६९. खानेपानी स्रोत नभएको स्थानहरु र नयाँ बजार केन्द्रहरुमा खानेपानीको सुनिश्चितताका लागि लिफ्टिङ्ग, डिपबोरिङ्ग खानेपानीको संभाव्यता अध्ययन गरिनेछ । खानेपानी अभाव भएका क्षेत्रहरुको खानेपानी समस्या सम्बोधनका लागि दीर्घकालीन उपाय खोजी गरिनेछ ।

**शिक्षा**

७०. गाउँ शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक, नियमावली, कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ । शिक्षालाई गुणस्तरीय बनाउनको लागि अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तक्रियात्मक कार्यक्रम, उत्कृष्ठ शिक्षक सम्मान कार्यक्रम, उत्कृष्ठ विद्यार्थी सम्मान कार्यक्रम, विद्यालयमा विद्युतीय हाजिरी व्यवस्थापन, विद्यालयमा ICT व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७१. पठनपाठनलाई व्यवस्थित गर्दै अतिरिक्त क्रियाकलापहरुलाई व्यवस्थित गर्न विद्यालय भवन तथा खेलमैदान निर्माण कार्य गर्दै लगिनेछ । शिक्षण सिकाई तथा विद्यार्थी उत्तीर्ण परिणामलाई नतिजामूलक वनाउन कार्य सम्पादन करार सम्झौता लागू गरी प्रोत्साहनको व्यवस्थापन गरिनेछ । गाउँपालिका भित्र उत्तम नतिजा प्राप्त गर्न सफल विद्यालय र शिक्षकलाई सम्मान तथा प्रोत्साहनको नीति अवलम्बन गरिने छ ।

७२. शिक्षण सिकाई पद्दतिलाई प्रविधिमैत्री वनाउन स्मार्ट कक्षा व्यवस्थापन तथा संचालनलाई व्यवस्थित गर्दै लगिने छ । विद्यालयहरुको तथ्य तथ्याङ्कलाई थप व्यवस्थित गर्न तथ्याङ्क सम्बन्धी तालिमको व्यवस्थापन गरिने छ ।

७३. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याती कमाउने स्थानीय विद्यार्थी तथा शिक्षकहरुलाई सम्मान र प्रोत्साहन गरिने छ। साँगुरीगढी गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुका सुलभ शौचालय र खानेपानीको व्यवस्था मिलाउँदै लगिने छ ।

७४. कुनै पनि वालवालिकाहरु शिक्षाबाट वञ्चित नहुन भनी अनिवार्य विद्यार्थी भर्ना कार्यकमलाई अभियानको रुपमा संचालन गरिने छ । विद्यालय छोड्ने बालबालिका दरलाई घटाइ पोषण कार्यलाई सहयोग गर्न **थप दिवा खाजा** कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

७५. विद्यालयका पठनपाठन कार्यलाई प्रतिष्पर्धी, व्यवसायिक, तुलनायोग्य र अन्तराष्ट्रियस्तरको वनाउन सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठनको कार्यक्रम संचालन गरिनेछ ।

७६. आधारभूत तर्फ शिक्षाको गुणस्तर सुधार गर्न नमूना आधारभूत विद्यालय निर्माण कार्यक्रम संचालन गरिनेछ । स्थानीय मातृ भाषामा पठनपाठन कार्य कार्यका लागि पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ ।

७७. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका जेहेन्दार विद्यार्थीहरुका लागि उच्च शिक्षा प्राविधिक विषय अध्ययनका लागि छात्रबृत्तिको व्यवस्थाका लागि पहल गरिनेछ । विद्यालयहरुको प्रधानाध्यापकहरुको छनौट विद्यालयको तहको आधारमा छनौटको नीति अवलम्बन गरिनेछ ।

## ग. पूर्वाधार विकास

**सडक**

७८. गाउँपालिका केन्द्र रहेको स्थानबाट वडा केन्द्रसम्म जाने सडकलाई उच्च प्राथमिकतामा राखी निर्माण कार्य गरिनेछ । उक्त कार्यका लागि संघीय सरकार, प्रदेश सरकार तथा सम्वद्ध निकायसँग समन्वय गरी अगाडि बढाइनेछ । नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरी सडक स्तरोन्नतीको नीति अवलम्बलन गरिनेछ ।

७९. गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रम संचालन गर्दा कम्तीमा ५ प्रतिशत उपभोक्ताको नगद लागत सहभागिता वा जनश्रमदानबाट संचालन गर्ने व्यवस्था लागु गरिनेछ । स्ट्रक्चरका आयोजना वा ठूला मेशिन प्रयोग हुने वा उपभोक्ताको जनश्रमदानबाट सन्चालन हुन नसक्ने जटिल प्रकृतिका कार्यहरु उपभोक्ता मार्फत आयोजना सन्चालन गरिने छैन । उपभोक्ताबाट सन्चालित आयोजनाको मर्मत सम्भारको व्यवस्थाका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाईनेछ ।

८०. गाउँपालिकाको यातायात गुरुयोजना निर्माण गरिनेछ । यातायात गुरुयोजना निर्माण भए पश्चात गाउँपालिका क्षेत्र भित्रको सम्पूर्ण सडक तथा बाटोहरुको **Right Of way** निर्धारण भइ दीर्घकालीन रुपमा वस्तीको विकास र सडक निर्माण कार्य अगाडि बढाइनेछ । गाउँपालिका क्षेत्र भित्रका सडक निर्माण कार्यलाई व्यवस्थित गर्न सडक क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा गर्ने व्यवस्था मिलाईनेछ ।

८१. स्थानीय सडक निर्माण र विस्तार कार्यलाई ब्यवस्थित गर्न गाउँपालिकाको स्थानीय सडक सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गरिनेछ । दशवटै वडाहरुमा सडक मर्मत संभारका लागि मर्मत संभारको स्थापना गरिनेछ ।

**भवन**

८२. स्थानीय भवन निर्माण सम्बन्धी ऐन २०७७ भन्दा अगाडि निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरण कार्य शुरु गरिनेछ । साँगुरीगढी गाउँपालिका क्षेत्रको भवन निर्माण कार्यलाई ब्यवस्थित गर्न सडकको मादण्ड पूर्ण रुपमा लागू गरिनेछ । साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका घरधुरीहरुको घर नं. कायम गरी घरको एकीकृत अभिलेख ब्यवस्थापन कार्यको थालनी गरिनेछ ।

**सडक पुल तथा झोलुङ्गे पुल**

८३. साँगुरीगढी गाउँपालिका र आसपासका स्थानीय तह तथा छिमेकी जिल्लासँगको आवगमन तथा व्यापार व्यवसायलाई सहज बनाउन रणनैतिक महत्वको स्थानहरुको पहिचान गरी सडक पुल (मोटरेवल) तथा झोलुङ्गेपुल निर्माण कार्यलाई अगाडि बढाइने छ । गाउँपालिकाका विभिन्न वडाहरुको वस्ती जोड्ने क्षेत्रहरुको अध्ययन गरी झोलुङ्गे पुल निर्माणका लागि सहकार्य र साझेदारी गर्दै लगिनेछ ।

**सिँचाई**

८४. कृषि पेशाको उत्पादन र उत्पादकत्व बढाई व्यवसायिकरण र विविधीकरणका लागि कृषि क्षेत्रमा पर्याप्त सिँचाई सुविधा उपलब्ध गराउन सिचाई कुलो निर्माण कार्यलाई थप विस्तार र सुधार गर्दै लगिने छ। पर्याप्त सिंचाईको स्रोत नभएको ठाउँहरुको किसानहरुलाई सिंचाई सुविधा उपलब्ध गराउन साना सिंचाई, थोपा सिँचाई, प्लाष्टिक पोखरी निर्माण, जस्ता कार्यलाई अगाडि बढाइने छ।

**ऊर्जा, लघु जलविद्युत तथा बैकल्पिक ऊर्जा**

८५. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण घरधुरीहरुलाई विद्युत सेवा उलब्ध गराउने व्यवस्था गरिने छ। विद्युत सेवा तत्काल उपलब्ध हुन नसक्ने स्थानहरुका लागि बैकल्पिक ऊर्जा सोलार बत्ती ,सोलार टुकीको सुविधा उपलब्ध गराइने छ। स्थानीय नागरिकहरुको जंगल माथिको दवाव (दाउरा) घटाउने बिद्युत तथा बैकल्पिक ऊर्जाको प्रयोगलाई जोड दिइने छ।

**सञ्चार**

८६. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र संचार क्षेत्रको प्रर्बद्धन र विकास लागि ठूला संचार गृहहरुसँग समन्वय र सहकार्य गरिने छ। स्थानीय स्तरमा प्रेस गृह, मिडिया सेन्टर, टेलि सूचना केन्द्र स्थापना र संचालनका लागि प्रोत्साहन गरिने छ। एफ.एम., रेडियो, टेलिभिजन, अनलाइन मिडिया हाउस स्थापना तथा सञ्चालनको संभाव्यता अध्ययन गरिनेछ।

८७. साँगुरीगढी गाउँपालिकाको विकासात्मक गतिविधिलाई आम नागरिक समक्ष पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने संचार गृह र संचारकर्मीहरुलाई प्रोत्साहन सहित सम्मान कार्यक्रमको थालनी गरिनेछ।

**ग. बातावरण तथा विपद् ब्यवस्थापन**

**वन तथा भूसंरक्षण**

८८. वन,संरक्षण तथा प्रबर्द्धनका लागि कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। “**एक व्यक्ति, एक विरुवा”** रोपन कार्यकमलाई अभियानको रुपमा संचालन गरिनेछ। वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक वनहरुमा **जंगल पार्क** को अवधारण लागू गरी स्थानीय आय स्रोत बृद्धिको नीति लिइनेछ।

८९. वन फडानी, आगलागी आदि कार्यलाई नियन्त्रण गर्न दण्ड जरिवानालाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। सामुदायिक वनको व्यवस्थापनमा वन उपभोक्ता समितिलाई अझ बढी जिम्मेवार बनाईनेछ। सामुदायिक वन उपभोक्ता समिति र वन उपभोक्ताहरुलाई वन संरक्षण सम्वन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्न सम्वद्ध निकायहरुसँग समन्वय गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

**जलाधार संरक्षण तथा जल वायु परिर्वतन**

९०. जलवायु परिवर्तनका कारण जलाधार क्षेत्रमा परेका प्रभावहरुलाई न्यूनीकरण गर्दै पानीको मुहानहरु संरक्षण गर्ने कार्यलाई स्थानीय समुदायको अगुवाइमा अगाडि बढाइने छ । पानीको मुहान आसपास जंगल फडानी गर्न रोक लाउने र खाली भएको स्थानमा मुहान वरिपरी रुख विरुवा लगाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

९१. जलवायु परिवर्तनको प्रभाव र असरको बारेमा आम नागरिकहरुलाई सचेतीकरण गर्दै जलवायु परिवर्तनको असर न्यूनीकरणका योजना, रणनीति निर्माण गरी कार्यान्वयनको थालनी गरिनेछ ।

**फोहरमैला व्यवस्थापन**

९२. साँगुरीगढी गाउँपालिकाको भेडेटार बजार, नाम्जे बजार, डाँडाबजार मूलघाट क्षेत्र नयाँ शहर उन्मुख बजार केन्द्रहरुको रुपमा विकास भइ रहेको छ । बस्ती विस्तारसँगै फोहरमैला व्यवस्थापन चुनौतीको रुपमा देखा परेको सन्दर्भमा आ.व. २०८०/२०८१ मा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिनेछ । घरको फोहोरलाई व्यवस्थापन गर्न तालिम व्यवस्था गरिनेछ । कुहिने र नकुहिने गरी छुट्टाछुट्टै फोहोर संकलन गरी कुहिने फोहोरलाई घरमै संकलन गरी व्यवस्थापन गर्न सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ । वातावरण संरक्षणका लागि गाउँपालिका क्षेत्र भित्र सरोकारवालको सहभागितामा प्लाष्टिक निषेधित अभियान संचालन गरिनेछ ।

९३. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका बजार केन्द्र तथा टोलवस्तीहरुलाई सफा सुन्दर राख्नका लागि फोहोरमैला व्यवस्थापन गर्न **"सुन्दर शहर, तपाईँ हाम्रो रहर"** अभियान सञ्चालन गरिनेछ ।

९४. गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदायबाटै सञ्चालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

**जलउत्पन्न प्रकोप नियन्त्रण**

९५. लेउती खोला, तमोर नदी आदि खोलामा बाढी आई धनजनको क्षति सालबसाली हुँदै आएकोमा सरोकारवाला निकायहरु सँगको सहकार्यमा बाढी पहिरोको क्षति रोकथामका लागि तटबन्द कार्य अगाडि बढाइने छ ।

**विपद ब्यवस्थापन**

९६. गाउँपालिका क्षेत्र भित्र आईपर्ने विपद्लाई सामना गर्न गाउँपालिका स्तरीय विपद प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । गाउँपालिका स्तरीय तथा वडास्तरीय विपद् प्रतिकार्य योजना निर्माण गरी गाउँस्तरीय र वडास्तरीय विपद् समितिलाई सक्रीय वनाइनेछ । गाउँ विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाई विपदको समयमा उद्धार गर्न नेपाल रेडक्रस सोसाईटी, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल नेपालसँग समन्वय गरी आसपासका वडाहरुमा युवा जनशक्तिलाई विपद् पूर्वतयारी र उद्धार सम्बन्धी तालिमको व्यवस्था मिलाइनेछ ।

९७. विपद्मा परेका आम नागरिकहरुलाई तत्काल उद्धार, राहत, तथा पुनःस्थापनका लागि विपद् व्यवस्थापन कोष निर्माण गरी उद्दार र राहत पुऱ्याउन "**उद्दार कोष"** कार्यक्रम संचालन गर्न आवश्यक रकमको व्यवस्था गरिनेछ ।

९८. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र आगलागीबाट हुने विपद् न्यूनीकरणका लागि फायर ब्रिगेड, दमकल जस्ता साधन व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

**घ. संस्थागत विकास सेवा प्रवाह र सुशासन**

**सेवा प्रवाह**

९९. कर्मचारीहरुलाई आफ्नो काम प्रति जिम्मेवार बनाउने र सेवाग्राहीसँग शिष्ट व्यवहार गरी मुस्कान सहितको सेवा प्रवाह अनिवार्य बनाउन आचरण सम्बन्धी स्थानीय कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१००. कर्मचारीलाई बढी जिम्मेवार र सेवाग्राहीमैत्री वनाउदै अपेक्षित नतिजा प्राप्तिका लागि कार्यसम्पादन करार सम्झौता लागू गरिने छ । कार्यसम्पादन करारको आधारमा भएको मूल्याङ्कनका आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । छरितो संगठन संरचना निर्माण र चुस्त सेवा प्रवाहका लागि Right Man Right Place, Right Sizing & Reformation को नीति अवलम्बन गरिनेछ ।

१०१. सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री वनाउन कर्मचारीको क्षमता विकासलाई अभिवृद्धि गर्नको लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

१०२. स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी १० वटै वडाहरुमा मेलमिलाप केन्द्र गठन गरिनेछ ।

**सुरक्षा व्यवस्थान**

१०३. गाउँपालिकाको आन्तरिक सुरक्षालाई व्यवस्थित गर्दै बजार अनुगमन, स्थानीय कर व्यवस्थापन, अव्यवस्थित बसोवासलाई समेत व्यवस्थित गर्न नगर प्रहरी परिचालन गरिनेछ । आन्तरिक सुरक्षालाई आन्तरिक सुरक्षा सम्बन्धी कानून निर्माण गरिनेछ । आन्तरिक सुरक्षा सम्बन्धी कानूनको प्रभावकारी वनाउन कर्मचारी र पदाधिकारीलाई जिम्मेवार वनाइनेछ । साँगुरीगढ वडा नं. २ र ३ तथा ९ र १० मा प्रहरी चौकी स्थापनाका लागि पहल गरिनेछ ।

**सूचना प्रविधि**

१०४. विद्युतीय सुशासनलाई प्रबर्द्धन गर्न "**डिजिटल भिलेज"** निर्माणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । भेडेटार बजारमा सूचना प्रविधि पार्कको संभाव्यता अध्ययन गरिनेछ ।

१०५. गाउँपालिकाको कार्यालयलाई पेपरलेस गभरनेन्सको अवधारणा कार्यान्वयन गर्न योजना, लेखा, सामाजिक सुरक्षा, कर्मचारी प्रशासन तथा राजश्व प्रशासन सम्बन्धी सफ्टेवर निर्माण, खरिद र संचालनमा निरन्तरता दिइनेछ ।

**पञ्जीकरण**

१०६. गाँउपालिकामा घटेका जन्म, मृत्यु, विवाह,वसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटनाहरुको तथ्याङ्कलाई व्यवस्थित गर्नको घटना घटेको ३५ दिन भित्रमा दर्ता गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन**

१०७. विकास नीति योजना तथा कार्यक्रमलाई व्यवस्थित गराउन दीर्घकालीन तथा मध्यकालीन आवधिक योजना निर्माण गरी **योजना वैंक**को नीति कार्यान्वयन गरिनेछ । सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गरिने छ । गाउँपालिका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ। सूचना केन्द्रमा गाउँपालिकाबाट निर्माण भएको स्थानीय कानूनहरु, प्रगति विवरणहरु, बार्षिक योजना तथा कार्यक्रमहरु र अन्य सार्वजनिक सरोकारको सूचनाहरुको अध्यावधिक गरी राखिनेछ ।

**सुशासन प्रबर्द्धन :**

१०८. गाउँपालिकाबाट प्रदान हुने सेवाहरुलाई थप प्रभावकारी बनाउन विद्युतीय हाजिरी, हेल्प डेस्क, गुनासो पेटिका, नागरिक विद्युतीय वडापत्र, सूचना पाटी जस्ता सुशासनका औजारहरुको पूर्ण कार्यान्वयन गरिनेछ ।

१०९. गाउँपालिकालाई बढी उत्तरदायी, जनमैत्री, पारदर्शी वनाउन स्थानीय सुशासन ऐन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण सम्बन्धी कार्यविधि, निर्माण गरी कार्यान्वयन गरिनेछ ।

११०. गाउँपालिकाबाट हुने काम कार्यवाहीलाई प्रभावकारी वनाउन र आम जनताको गुनासो तत्काल सम्बोधन गर्न “**टोल फ्रि”** कार्यक्रम निरन्तरता दिइनेछ ।

१११. आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो वनाई वित्तीय सुशासन कायम गर्न जम्मेवारी वाँडफाँड, अधिकार प्रत्योजन, अख्तियारी प्रदान, पूर्व लेखापरीक्षण, खरिद समिति निर्माण, नियमित प्रगति समीक्षा तथा प्रणालीगत कार्यान्वयन प्रक्रिया अलम्बलन गरिनेछ ।

**अनुसन्धान तथा विकास**

११२. सम्मृद्ध साँगुरीगढी सुःखी साँगुरीगढीबासीको सपनालाई तीव्र रुपमा स्थानीय स्तरमा विकासका गतिविधि संचालन गर्न अपरिहार्य छ । स्थानीय विकासलाई गति दिन संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहहरु, विकासका साझेदार निकाय तथा आम नागरिकको सहभागितामा विकासको गतिलाई अगाडि बढाउन **“सधैं सबैं सँगै** अभियान संचालन गरिनेछ ।

११३. विकासका गतिविधिलाई व्यस्थित, नतिजामूलक, नागरिकमैत्री वनाउन दीर्घकालीन विकास अवधारण पेपर तयार गरी कार्यान्वयन गरिनेछ । विकासका नयाँ प्रविधि, संभावना तथा विकल्पहरुका बारेमा अध्ययन अनुसन्धानलाई अगाडि बढाइनेछ ।

**सभासदस्य ज्यूहरु**

**सार्वजनिक महत्वको विषय:**

११४. योजना तथा कार्यक्रमको अनुगमन गर्दा लागत सूचक, प्रतिफल सूचक, प्रभावकारी सूचकको आधारमा अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था गरिनेछ । आयोजना तथा कार्यक्रमको अन्तिम अनुमगन गर्दा कार्यान्वयनमा प्रत्यक्ष संलग्न नभएका व्यक्तिहरुबाट अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। अनुगमन प्रतिवेदनले दिएको सुझावहरुलाई कडाएको साथ लागू गरिनेछ । गाउँपालिका क्षेत्र भित्र निर्माण हुने योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुमगन मूल्याङ्कन गर्न आवश्यक कार्यविधि, निर्माण गरिने छ ।

११५. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण ऐलानी, पर्ति, सार्वजनिक पोखरी आदिको अभिलेख राखी सार्वजनिक गरिनेछ । त्यस्ता क्षेत्रहरुको संरक्षण र संवर्द्धन गरी सार्वजनिक हित हुने गरी उपयोग तथा व्यवस्थापनमा आवश्यक ध्यान दिइनेछ ।

११६. गाउँपालिका क्षेत्र भित्र रहेका पार्क, पाटी, पौवा, चौतारा, मठ,मन्दिर, बौद्ध, विहार, गुम्वा, चर्च, धारा, कुवा आदिको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

११७. गाउँपालिका क्षेत्र भित्र वर्षौंदेखि वसोवास गर्दै आएका दलित भूमिहीन तथा अव्यवस्थित भूमिहीन सुकुम्वासीहरु र अव्यवस्थित बसोबासीहरुलाई जग्गा उपलव्ध गराउन र जग्गा धनी प्रमाणपुर्जा वितरण गर्ने व्यवस्थाका लागि पहल गरिनेछ ।

११८. साँगुरीगढी गाउँपालिकामा अव्यवस्थित वसोवास गरेका नागरिकहरुको घरधुरी विवरण यकीन गरी घरधुरी अभिलेख राख्ने कार्य अगाडि वढाइनेछ ।

११९. साँगुरीगढी गाउँपालिका वडा नं. ७, ८, ९ र १० मा आयुर्वेदिक औषधी प्रयोजनका लागि संघीय सरकार तथा प्रदेश सरकारको समन्वयमा गाँजा खेतीको संभाव्यता अध्ययन गरिनेछ ।

**सभासदस्य ज्यूहरु**

१२०. आर्थिक वर्ष २०८०/०८१ को यो नीति तथा कार्यक्रमले समृद्धि साँगुरीगढीको दुरदृष्टिलाई आत्मसाथ गरेको छ । यो नीति तथा कार्यक्रमको कार्यान्वयनले स्थानीय कृषि, पर्यटन, पूर्वाधार निर्माणले स्थानीय उत्पदन र उत्पादकत्व बढ्न गइ दरिलो स्थानीय अर्थ व्यवस्था निर्माणमा सहयोग पुग्नेछ । सामाजिक विकास, शिक्षा विकास, समावेशी विकास, स्वास्थ्य सेवा व्यवस्थापन भइ सामाजिक न्याय स्थापनामा सहयोग पुग्नेछ ।

१२१. स्थानीय उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना, सामाजिक समावेशीकरण तथा सामाजिक न्याय स्थापनामा सहयोग पुग्ने यो नीति तथा कार्यक्रम साझा सहती र प्रतिबद्धताबाट मात्र लक्ष्य प्राप्त गर्न सकिन्छ। स्थानीय आवश्यकता तथा औचित्यलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैको सक्रिय सहयोग प्राप्त हुने विश्वस लिएको छु ।

१२२. अन्त्यमा, साँगुरीगढी गाउँपालिकाको विकास र समृद्धिमा योगदान गर्ने जनप्रतिनिधि, स्थानीय राजनैतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, व्यवसायी, आम नागरिक, आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

*धन्यवाद*

२०८० असार १९ गते आइतबार — जितेन्द्र राई

साँगुरीगढी गाउँपालिका भेडटार — अध्यक्ष